मिति २०७५।०८।१० गते यस विभागका महानिर्देशक श्री नविन राज सिंहज्यूको अध्यक्षतामा बसेको बैठकले तपशिल बमोजिमका निर्णयहरु गरेकोले सम्बन्धित सम्पूर्ण कर्मचारीहरुलाई इमान्दारिताका साथ निर्णयहरु कार्यान्वयन गर्नुहुन अनुरोध छ।

निर्णय नं. १

विभिन्न सामाजिक सञ्जालहरुमा कर्मा स्रोतका सूचना तथा जानकारी समेत आउने भएकाले त्यस्ता सूचनाहरुलाई सम्बन्धित स्रोत र आम जनमाझमा पुर्‍याउनको लागि प्रवक्ताको भूमिका निर्वाह गर्ने निर्णय गरियो।

निर्णय नं. २

यस विभाग वा अन्तर्गत सञ्चालित अध्ययन आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धित सबै कर्मचारीहरुले जिम्मेवारीपूर्वक वहन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

कार्यालय समयको पालना गर्नु सबै कर्मचारीको दायित्व हुँदा हुँदै पनि सोको पालनामा कमिकमजोरी देखिएको हुनाले आगामी दिनमा कडाइका साथ समयको पालना गर्ने र सोको अनुगमन म.नि.ज्यूको निर्देशनमा प्रशासन शाखाले नियमित रुपमा गर्ने निर्णय गरियो।

निर्णय नं. ४

कार्यालय समयमा बाहिर जाँदा अनिवार्य रुपमा रजिस्टर मा इन्ट्रि गरेरमात्र जाने, अनावश्यक रुपमा अरुको कोठामा नजाने, कार्यालयको कामलाई प्राथमिकता दिएर मात्र अन्य काम गर्ने, कार्यालय समयमा व्यक्तिगत काममा गएमा सो को क्षतिपूर्ति हुने गरी कार्यालय समय बाहेकको समयमा समेत काम गर्ने निर्णय गरियो।

निर्णय नं. ५

सम्बन्धित अधिकारीले फाइल वा पत्र प्राप्त भएको मितिले ४८ घण्टा भित्र फाइल उठाउने, मातहतको तहले सम्भव भए सम्म सोहि दिन फाइल उठाउने, फाइलमा सबै तहले स्पष्ट राय सहित पेश गर्ने, कुनै पनि निकायले पेश गरेको फाइल मा नपुगेको विवरण माग गर्दा ४८ घण्टाभित्र पनि विवरण

उपलब्ध नगराएमा सोहि व्यहोरा जोडी फाइल उठाउने, विभिन्न निकायमा पत्र पठाउँदा प्रत्येकवाट प्राप्त भएको पत्रको मिति पनि उल्लेख गरि पठाउने र निर्णय भइ माथिवाट फिर्ता भएको फाइल अविलम्ब तल पठाइ कार्यान्वयन गराउने निर्णय गरियो।

निर्णय नं-६.

कार्य सम्पन्न भइ सकेका फाइलहरु व्यवस्थित रुपमा सम्बन्धित स्थानमा वा स्टोरमा पठाउने र निर्माण कार्य भइरहेको हुँदा सो सम्पन्न नभए सम्मको लागि हिटर नबाल्ने निर्णय गरियो।

निर्णय नं. ७

आयोजनाहरुवाट फिल्ड काममा जाँदा सम्बन्धित आयोजनाको Contengency बाट खर्च हुने गरी कामको रकम भुक्तानी हुने व्यवस्था मिलाउने निर्णय गरियो। साथै आगामी दिनमा नियमित कामको साथ-साथै नयाँ सिर्जनात्मक कार्यहरु समेत गर्ने निर्णय गरियो।